विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठांटी,पर्वत
गण्डकी प्रदेश,नेपाल

## सेनेटरी प्याड खरिद सम्बन्धि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना ।
**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८२/०३/०९**

यस विहादी गाउँपालिका, वहाकीठांटी, पर्वतको आ.व. २०८१/८२ का लागि आवश्यक पर्ने सेनेटरी प्याड सिलवन्दी दरभाउपत्रका माध्यमबाट खरिद गरी आपूर्ति गर्नुपर्ने भएकाले इच्छुक प्याड खरिद विक्रीसम्बन्धी इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनि, व्यवसायी तथा संस्थाहरुले निम्न शर्तको अधिनमा रही बोलपत्र फाराम खरिद गरी सिलवन्दी दरभाउपत्र पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल:**

१. यो सूचना प्रकाशन भएको मितिले ७ औ दिनको मध्याह्न १२ बजेसम्म कार्यालय समयमा यस कार्यालयबाट दरभाउपत्र फाराम शुल्क रु १,०००/- नगदी रसिद वा यस कार्यालयको प्रभु बैंक विहादी स्थित **ग १.१ विहादी गा.पा. आन्तरिक राजश्व खाता १४६०११४९८४६०००४१** मा एक हजार रुपैया मात्र (फिर्ता नहुने गरी) तिरी आ.व. २०८१/८२ का लागि नवीकरण गरेको व्यावसाय दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि दर्ता प्रमाण पत्र, आ.व. २०८०/८१ सम्मको कर चुक्ता प्रमाणपत्र र नागरिकताको छायाँप्रति सहितको निवेदन पेश गरेपछि दरभाउपत्र उपलब्ध गराइने छ ।

२. टिपेक्स लगाएको वा केरमेट गरिएको दरभाउपत्र मान्य हुने छैन ।

३. दरभाउपत्र राखेको खाममा लाहाछाप लगाई खामको बाहिर **"विहादी गाउँ कार्यपालिकाको कार्यालय, वहाकीठाँटी, पर्वतका लागि सेनेटरी प्याड आपूर्ति गर्ने सम्बन्धि दरभाउपत्र फाराम"** भनि उल्लेख गर्नुपर्ने छ ।

४. दरभाउपत्र फाराम दाखिला गर्नुपर्ने स्थान : विहादी गाउँ कार्यपालिकाको कार्यालय, (शिक्षा युवा तथा खेलकुद शाखा) वहाकीठाँटी, पर्वत ।

५. दरभाउपत्र फाराम दाखिला गर्नुपर्ने अन्तिम मिति : सूचना प्रकाशित भएको मितिले ७ औ दिन दिनको दिउँसो ४:०० बजे भित्र ।

६. दरभाउपत्र फाराम खोलिने मिति : सूचना प्रकाशित भएको मितिले ७ औ दिनको ५:०० बजे कार्यालय प्रतिनिधि र दरभाउपत्र वाला वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र वाला वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

७. दरभाउपत्र फाराम खोलिने स्थान : विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वहाकीठाँटी, पर्वत ।

८. घटिवाला वा बढीवालाको दरभाउपत्र फाराम स्वीकृत गर्ने, नगर्ने अथवा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालमा सुरक्षित रहने छ ।

९. प्याड खरिद गर्दा स्टोर दाखिला हुने समयमा Expire Date कुल अवधिको ७५ % म्याद बाकि भएको हुनुपर्नेछ ।

१०. नेपालमा उत्पादित नेपाल गुणस्तर चिन्ह प्राप्त सेनेटरी प्याड हुनुपर्ने छ । साथै दररेटको मूल्य प्रति प्याकेट अनुसार पेश गर्नुपर्ने छ ।

११. अंक र अक्षरमा लेखिएको दररेटको व्यहोरा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

१२. एक व्यक्ति वा फर्मलाई एकभन्दा बढी दरभाउपत्र खरिद गरी समाबेश गर्न दिइने छैन ।

१३. यस सुचनामा परेका कुरा यसै सूचना बमोजिम हुनेछ भने यस सुचनामा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ र नेपालको कानुन बमोजिम हुनेछ ।

| क्र.सं. | सूचना नम्बर | विवरण | स्वीकृत लागत अनुमान (मु.अ. कर समेत) | कैफियत |
|---|---|---|---|---|
| १. | ८०-०८१।०८२ | सेनेटरी प्याड खरिद | ७,५३,०००/- | |

हरि प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

हरि प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत